"समृद्ध आमचोक गाउँपालिका: सुखी र सुसंस्कृत आमचोकवासी"

# आमचोक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

प.सं.: २०८३/०८४
च.नं.: २३८

नेपाल सम्वतः ११४६

आमचोक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वालंखा, भोजपुर कोशी प्रदेश, नेपाल २०७३

मिति :- २०८३/०६/०५

श्री सहकारी संस्थाहरु, सवै

आमचोक गाउँपालिका, भोजपुर।

विषय : सन्दर्भ ब्याजदर सम्बन्धमा।

प्रस्तुत विषयमा सहकारी संस्थाको लागि साविकमा सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत तोकिएकोमा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिले सन्दर्भ ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत कायम गर्न सिफारिस गरेको हुँदा मिति २०८३ साल असोज १ गते देखि लागू हुने गरी ऋणमा लिन पाउने ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत तोकिएको छ। साथै, उक्त सीमा भित्र रही सहकारी संस्थाले बचत र ऋणको ब्याजदर बिचको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नु, गराउनु हुन सम्बन्धित सरोकारवाला सबैमा जानकारी गराईन्छ। सहकारी ऐन, २०७४ अनुसार तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदरको रुपमा रहने हुँदा कार्यान्वयन नगरेमा कानुन बमोजिम कारबाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ। साथै भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सहकारी रजिष्ट्रारको कार्यालयद्वारा मिति २०८३/०५/३१ मा जारी गरिएको निर्देशन समेत यसैसाथ संलग्न राखी कार्यार्थ पठाईएको व्यहोरा समेत अनुरोध छ।

................
(जनक बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



CamScanner

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
**सहकारी रजिष्ट्रारको कार्यालय**

फोन नं. [illegible]
Email: info@deoc.gov.np
Website: www.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल।

पत्र संख्या : ०८३/८४
चलानी नं : 308

मिति: २०८३।०५/३१
ने.सं. ११४६

**विषय: सन्दर्भ ब्याजदर सम्बन्धमा जारी गरिएको निर्देशन।**

सहकारी ऐन, २०७४ को दफा ५१ को उपदफा (१) बमोजिमको समितिको सिफारिसमा सहकारी संस्थाको प्रयोजनको लागि बचत तथा ऋणको सन्दर्भ ब्याजदर पुनरावलोकन भएको हुँदा सहकारी नियमावली, २०७५ को नियम ७६ ले दिएको अधिकार प्रयोग गरी ब्याजदर सम्बन्धमा तपसिल बमोजिम जारी गरिएको निर्देशन सरोकारवाला सबै निकायले कार्यान्वयन गर्नु, गराउनुहुन अनुरोध छ। साथै, राष्ट्रिय सहकारी महासंघ तथा केन्द्रीय विषयगत सहकारी संघहरुले आफ्ना सदस्यहरुलाई निर्देशन सम्बन्धमा जानकारी गराई पालनाको अवस्थाको अनुगमन गर्नुहुन समेत अनुरोध छ।

**तपसिलः**

१. सहकारी संस्थाको सन्दर्भ ब्याजदरको अधिकतम सीमा साविकमा १६ प्रतिशत तोकिएकोमा सहकारी ऐन, २०७४ को दफा ५१ को उपदफा (१) बमोजिमको समितिको सिफारिसमा मिति २०८३ साल असोज १ गतेदेखि लागू हुने गरी ऋणमा लिन पाउने ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत तोकिएको छ। उक्त सीमा भित्र रही सहकारी संस्थाले बचत र ऋणको ब्याजदर बिचको अन्तर ६ प्रतिशतभन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नु पर्नेछ,

२. सहकारी संस्थाले आफ्नो कारोबारको अवस्था, आवश्यकता र औचित्यता समेतको विश्लेषण गरी ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत भन्दा कम हुने गरी ब्याजदर कायम गर्न सक्नेछन। तर बचत र ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने गरी मात्र कायम गर्नु पर्नेछ,

३. सहकारी संस्थाले सदस्यलाई प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सो को आधारमा ब्याज लगाउन नपाउने कानूनी व्यवस्थाको पूर्ण परिपालना गर्नुपर्नेछ। साथै, सहकारी संस्थाले हर्जाना रकम लिने निर्णय गरेको अवस्थामा असूल हुन बाँकी ब्याज रकमको पाँच प्रतिशतभन्दा बढी रकम लिन पाईने छैन,

जाडुराम गौतम
रजिष्ट्रार

नेपाल सरकार
भूमि व्यवस्था,सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सहकारी रजिष्ट्रारको कार्यालय

फोन नं. ४५६५३६५
Email: info@deoc.gov.np
Website: WWW.deoc.gov.np
नयाँ बानेश्वर, काठमाडौं
नेपाल ।

पत्र संख्या : ०८३/८४
चलानी नं. : 308

४. सहकारी संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणसँग सम्वन्धित सम्पूर्ण लागत व्याजदरमा नै प्रतिविम्वित हुने हुँदा प्रशासनिक शुल्क, सेवा शुल्क, नवीकरण शुल्क, फाराम दस्तुर वा यस्तै अन्य कुनै पनि प्रकारका शिर्षकमा थप रकम लिन पाईने छैन,

५. सहकारी संस्थाले निर्धारण गरेको व्याजदर सहकारीका सबै सदस्यहरुले थाहा पाउने गरी संस्थाको वेवसाइट वा अन्य माध्यमवाट अनिवार्य रुपमा सार्वजनिक गरी सूचित गर्नुपर्नेछ। एकै प्रकृतिको बचत वा ऋणमा व्याजदर कायम गर्दा सहकारी संस्थाका सदस्य, सञ्चालक समितिका सदस्य/ पदाधिकारी, लेखा सुपरिवेक्षण समितिका संयोजक र सदस्यहरु एवं बिभिन्न उपसमितिका संयोजक तथा सदस्य, व्यवस्थापक र कर्मचारीवीच कुनै विभेद गर्न पाइने छैन,

६. सहकारी संस्थाले ऋण प्रवाह गर्दा सम्वन्धित ऋणी सदस्यको व्यक्तिगत खातामा रकम जम्मा गर्नुपर्नेछ। सहकारी संस्थावाट सदस्यले व्यक्तिगत रुपमा लिएको ऋण दायित्व भन्दा बढी हुने गरी ऋण दिने संस्थाको दायित्वसँग जोडेर ऋणको थप भार सदस्य व्यक्तिमाथि सिर्जना गर्न पाईने छैन।

२०८३।५।२९

(वावुराम गौतम)
रजिष्ट्रार

बाबुराम गौतम
रजिष्ट्रार

नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# सहकारी रजिष्ट्रारको कार्यालय

नयाँ बानेश्वर, काठमाडौं

## सन्दर्भ ब्याजदर सम्बन्धमा सहकारी रजिष्ट्रारको कार्यालयबाट जारी गरिएको सूचना।

सहकारी संस्थाको लागि साविकमा सन्दर्भ ब्याजदरको अधिकतम सीमा १६ प्रतिशत तोकिएकोमा सहकारी ऐन, २०७४ को दफा ५१ बमोजिमको समितिले सन्दर्भ ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत कायम गर्न सिफारिस गरेको हुँदा मिति २०८३ साल असोज १ गते देखि लागू हुने गरी ऋणमा लिन पाउने ब्याजदरको अधिकतम सीमा १३ प्रतिशत तोकिएको छ। साथै, उक्त सीमा भित्र रही सहकारी संस्थाले बचत र ऋणको ब्याजदर बिचको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने गरी ब्याजदर कायम गर्नु, गराउनु हुन सम्बन्धित सरोकारवाला सबैमा सूचित गरिन्छ। सहकारी ऐन, २०७४ अनुसार तोकिएको सन्दर्भ ब्याजदर सहकारी संस्थाका लागि निर्देशक ब्याजदरको रुपमा रहने हुँदा कार्यान्वयन नगरेमा कानुन बमोजिम कारवाही गरिने व्यहोरा जानकारी गराइन्छ।

CamScanner